# बराहताल गाउँपालिकाको दोस्रो गाउँसभाबाट पारित नीति तथा कार्यक्रम

क) **पूर्वाधार विकास नीति** :-

- पूर्वाधार विकास कार्यमा जनपरिचालन र लागत जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ। अधुरा तथा क्रमागत योजनाहरुलाई पूर्णता दिन प्रयास गरिने छ।
- पूर्वाधार निर्माण गर्दा महिला मैत्री, बाल मैत्री तथा अपाङ्ग मैत्री नीति अवलम्बन गरिने छ।
- उपभोक्ता समिति मार्फत् संचालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकाल सम्म आयोजना संचालन व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति अवलम्बन गरिने छ।
- सडक संजालको विकास गर्न सवारी तथा यातायात व्यवस्थापन गर्न गाउँपालिका स्तरिय यातायात गुरु योजना ( Rural Transport Master Plan RTMP), खानेपानी तथा ढल निकास गुरुयोजना तर्जुमा गरि बहुबर्षिय योजना चणबद्ध रुपमा आगामी आ.ब.देखी क्रमशः कार्यन्वयनमा ल्याइने छ।
- यस गाउँपालिकाको भूगोललाइ समेट्ने गरी लिङ्करोड निर्माण कार्यलाइ चरणबद्ध रुपमा अगाडी बढाइने छ।
- बराहताल गाउँपालिकाको नयां भवन, वडा नं. १ देखि १० वटै वडा भवन निर्माण गर्न आवश्यक जग्गा ब्यावस्थापन गरि भवन निर्माणका लागि संघिय सरकार सँग आवश्यक रकमको लागि अनुरोध गरिने छ।
- बराहताल गाउँपालिकामा रहेको मौजुदा प्राविधिक तथा प्रशासनिक जनसक्तीलाइ मध्यनजर गरी गाउँपालिकाबाट संचालनहुने भौतिक निर्माण समन्बधी योजनाहरु मध्ये बिस लाख रुपैया भन्दा बढी लागतका योजनाहरु गुणस्तर कायम गर्न र न्यूनतम लागतमा सम्पन्न गर्न खुल्ला प्रतिस्पर्धाद्वारा कार्यन्वयन गर्ने नीति अबलम्बन गरिने छ।
- "संघिय सरकारको स्थानीय तहमा आवश्यक पूर्वाधार विकास" र "प्रदेश सरकार जनता सडक कार्यक्रम, ग्रामिण सडक पहुँच कार्यक्रम" सँग समन्वय गरि पूर्वाधार निर्माण कार्यलाई अगाडी बढाईने छ।
- प्रदेश सरकारको प्राथमिकतामा रहेको कर्णाली करिडोर र भेरी करिडोर विधुत प्रसारण लाईन विस्तार कार्यसँग समन्वयको लागि आवश्यक पहल गरिने छ।
- नयां पक्कि भवन निर्माण गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम हुने प्रकृया र संघिय सरकारको भवन निर्माण सम्वन्धी मापदण्ड कडाईका साग लागु गरिने छ भने वनिसकेका भवन अभिलेखिकरण गरिने छ।
- समग्र बरातालको पूर्ण नाप नक्सा गरि सार्वजनिक पर्ति जग्गा, बनजङगल क्षेत्र सिमाङकन गरि अतिक्रमण हुन बाट रोकी हाल व्यक्तिगत उपयोगमा रहेका सार्वजनिक पर्ति जग्गा भू उपयोग नक्सा तयार तयार गरि करको दायरामा ल्याईनेछ।
- बराहताल क्षेत्र भित्र रहेका बराहताल, कालिका गुफा, चमेरे गुफा, सुन्द्धारी ताल, बोधीज्ञान तपोभुमि बौद्ध विहार, ताईथापे ढुंगा, भैरव मन्दिर, बटुभैरव, तेलपानी, भ्यु टावर, बार वण्डाल अठार खण्डाल, तेलपानीको सिद्धचुलि र नयाँपानी गुफा जस्ता पर्यटकिय क्षेत्रहरुको विकास गरि सम्भाव्य स्थानमा होमस्टे संचालन गरिनेछ।

ख) **आर्थिक विकास समन्धी नीतिहरुः-**

- युवा क्षेत्रको बेरोजगारी समाधान गर्न उत्पादनमुलक, आत्मनिर्भर कृषि, पशु जस्ता क्षेत्रमा लगानी वृद्धी गरिनेछ।
- "अर्गानिक खेतिमा वृद्धि कर्णालीको सम्वृद्धि" भन्ने प्रदेश सरकाकारको नारा सार्थक तुल्याउन नीजि तथा अन्य संघ संस्थाहरुको साझेदारिमा वायोचार निर्माण, जैविक मल निर्माण गरि अर्गानिक कृषि जउत्पादनमा जोड दिइनेछ।
- "कृषि पूर्वाधार, शुनिश्चित बजार" भन्ने प्रदेश सरकारको नारा बमोजिम कृषि तथा पशुपन्क्षी अनुसन्धान केन्द्र र कृषि उपज संकलन केन्द्र संचालनको लागि आवश्यक पूर्वाधार निर्माण गर्न प्रदेश सरकार संग माग गरिनेछ।
- प्रदेश सरकार तथा नेपाल सरकारको सहकार्यमा **एक वडा एक कृषि तथा पशु प्राविधिक** नीति लागु गरिनेछ।
- **"कृषिमा शिर्जनसिलता उत्पादनमा आत्मनिर्भरता"** भन्ने नारा लाई उच्च प्राथमिकता दिदै लसुन, प्याज, अदुवा, मह,कफि,तिल, टिमुर बदाम,चिउरी उत्पादनमा जोड दिई सामुदायिक वनको सहकार्यमा वन भित्र बेसार र पौष्टिक घांस उत्पादनमा जोड दिइनेछ।
- अध्ययन अवलोकन गरि समग्र १० वटै वडामा कृषि फलफुल तथा बेमौसमी तरकारी र बराहताल वडा नं. ५ को चेपाङ क्षेत्रलाई लसुन, प्याज पकेट क्षेत्र घोषणा गरि उत्पादनमा जोड दिइनेछ।
- खोला,नदीहरुमा iee (प्रारम्भिक वातावरणीय परिक्षण) गरि ढुंगा, गिट्टी र बालुवा जस्ता दहत्तर बहत्तरको ठेक्का पट्टा आव्हान गरि आन्तरिक श्रोत वृद्धि गरिनेछ।
- किसानसँग बराहताल कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- करदाताहरुलाइ कर तिर्न प्रोत्साहित गर्न गाउँपालिकाका विभिन्न क्षेत्रमा विविध कार्यक्रम सहित उद्योग बाणिज्य संघ संगको सहकार्यमा कर सचेतना कार्य सञ्चालन गरिने छ।
- राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउन गाउँपालिकाबासीहरुलाई सेवा सुविधा उपलब्ध गराउंदा गाउँपालिकामा भुक्तान गर्नु पर्ने कुनै कर शुल्क दस्तुर बांकी नरहेको आधारमा सेवा सुविधा उपलब्ध गराउने नीति अवलम्बन गरिने छ।
- सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाइने छ। गाउँपालिकालाइ नियमित र बढी कर तिर्ने करदातालाई सम्मानित गर्ने नीति अवलम्बन गरिने छ।
- गाउँपालिका स्तरिय उद्योग बाणिज्य संघ संग समन्व गरी व्यवसायकर असुलीलाई थप प्रभावकारी बनाइने छ।
- यस वर्ष १०० वटा गोबर ग्यास प्लान्ट निर्माण गर्न प्रदेश सरकारसंग सहकार्य गरिनेछ।
- सहकारीहरुलाई सहकारी ऐन बनाई प्रत्यक्ष नियमन र व्यवस्थापन गरिनेछ।

**ग) <u>सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीतिहरुः-</u>**

- गाउँपालिकाबाट प्रदान गरिने सेवाहरु असहाय अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकलाई सेवामा अग्राधिकार प्रदान गर्ने नीति अवलम्बन गरिने छ।
- पारदर्शिता एवं सुशासनका लागि गाउँपालिका संग सम्बन्धीत सूचनाहरुलाइ विद्युतिय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकिकरण गर्ने कार्यलाइ थप प्रभावकारी बनाइने छ।
- श्रोत व्यवस्थापनलाई बैज्ञानिक, यथार्थ परक र व्यवस्थित गर्न कम्प्यूटरीकृत (Computer Software) को प्रयोगबाट Database का आधारमा लेखा व्यवस्थापन तथा कर शुल्क संकलन कार्यलाइ प्रभाकारी बनाइने छ।
- बराहताल गाउँपालिकाको वेवसाईट (www.barahatalmun.gov.np) अद्यावधिक गर्दै गाउँपालिकावाट वितरण गरिने सूचनालाई डाउनलोड गरि उपयोग गर्न सकिने व्यवस्था र पहूंच वढाइने छ र गाउँपालिकाबाट भएका विकासका सम्पुर्ण कार्यलाई प्रविधीमैत्री वनाइनेछ।
- कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनलाई थप प्रभावकारी बनाई दण्ड र पुरस्कारको नीतिलाइ व्यवस्थित गरिने छ।
- आवधिक रुपमा सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षणका माध्यमबाट सुशासन पारदर्शिता र जवाफदेहितामा अभिबृद्धि गराउन सवै आयोजना कार्यक्रमहरुमा उल्लेखित विधिको प्रयोग गरिने छ।
- गाउँपालिकाको काम कारवाहीलाई प्रविधि संग आवद्ध गर्ने नीति अनुरुप कम्प्युटराईज्ड प्रणालीमा ढालिने व्यवस्था मिलाईनेछ र सेवा प्रवाह सुव्यबस्थित गर्दै वडा कार्यालयहरुलाइ नेट वर्किङ गरि घटना दर्ता तथा समाजिक सुरक्षा जस्ता कार्यलाइ पूर्ण रुपमा Online गरिनेछ।
- उपभोक्ता समितिलाई आयोजना सञ्चालन गर्नु पूर्व आयोजना व्यवस्थापन संचालन तथा लेखा तालिम प्रदान गरिनेछ र उपभोक्ता समितिलाई निर्देशिका बनाई व्यवस्थित गरिनेछ।
- योजना कार्यान्वयन क्यालेण्डर तयार गरि योजनाको काम जेठ मसान्तमा नै सम्पन्न गरिनेछ।
- शुसासन, शुन्य सहनशिलता, पारदर्शिता, जवाफदेहितालाई पूर्ण रुपमा आत्मसात गरि सेवाग्राही मैत्री गाउँपालिका निर्माण गरिनेछ।
- समुदायमा आधारित टोल विकास संस्थाहरु गठन गरि आर्थिक विकास, सामाजिक विकास, सरसफाई, वातावरण संरक्षण तथा आयआर्जनका क्रियाकलापहरु संचालन गरिनेछ।
- सुशासनको पक्षमा अनुसन्धान, खोजमुलक विकास पत्रकारितालाई प्रोत्साहन गर्न यस गाउँपालिका क्षेत्रमा क्रियाशिल भई गाउँपालिका र समाजको मध्येबाट प्रत्येक वर्ष प्रेस स्वतन्त्रताका दिन पत्रकारिता पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाईएको छ।
- आगामी वर्षलाई कानुन निर्माण वर्षको रुपमा लिई जनसहभागितामा बराहताल गाउँपालिका मैत्री कानुनहरुको निर्माण गरिनेछ। कानुनी अध्ययन अनुसन्धान तथा कानुन तर्जुम गर्न सहयोग पुऱ्याउन कानुनी परामर्शको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- कर्मचारी तथा प्रतिनिधिहरुलाई तालिम तथा उत्कृष्ट न.पा.,गा.पा.हरुको अध्ययन अवलोकन गराई कार्यसम्पादनमा छिटो छरितो र चुस्तता ल्याईने छ।

**घ) <u>सामाजिक विकास तर्फ अवलम्बन गरिने नीतिहरु</u> :-**

- विकास आयोजनाहरुको संचालनमा महिलालाइ अनिवार्य सहभागी गराउने नीति अवलम्न गरिने छ ।
- गाउँपालिका अर्न्तगत विपन्न वर्ग र प्रत्येक घरपरिवारको गरिवी नक्सांनक सहितको पार्श्व चित्र ( Profile) निर्माण गरी गरिवीको रेखामुनी भएका जनताहरुलाई निशुल्क सेवा सुविधा प्रदान गरिने र प्रदेश सरकारको “सबैको लागि स्वास्थ्य बीमा” कार्यक्रम सँग समन्वय गरि स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिने छ ।
- महिला बालबालिका तथा अन्य लक्षित बर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरुलाइ प्राथमिकतामा राखी कार्यन्वयन गरिने छ ।
- गाउँपालिकाबाट सामुदायीक विद्यालयमा गरिने लागानीलाई विद्यालयको शैक्षिक गुणस्तरको सुनिश्चितता लाइ आधार बनाउने नीति अवलम्बन गरिने छ ।
- गाउँपालिका क्षेत्रको बालबालिकाको समग्र बस्तुस्थिति विश्लेषण सहित प्रोफाइल तयार गरी बालमैत्री स्थानीय शासन प्रारुप अनुसारको सूचक हासिल गर्न विकास साझेदारवीच समन्वयात्मक कार्यक्रमहरु तर्जूमा गरी कार्यान्वियन गरिने छ ।
- साहित्य काला र संस्कृतिको संरक्षण, प्रवर्धन तथा विकासका लागि सम्बन्धित सरोकारवालाहरुसंग सहकार्य गरिने छ ।
- गाउँपालिकामा रहेका दलित उत्थान संजाल, आदिवासी जनजाती समन्वय समिति, अपांग समन्वय समिति, महिला समुह जस्ता गाउँपालिका स्तरीय समन्वय समिति र संजालहरुको क्षमता विकास एवं शसक्तिकरण गरी आर्थिक सामाजिक रुपले पछीपरेका वर्गाको विकास र उत्थानमा ती समितिहरुको भूमिकालाई प्रभावकारी बनाइने छ ।
- प्रदेश सरकारको एम्वुलेन्स नीति अनुसार साझेदारीमा गाउँपालिकाले एम्बुलेन्स संचालनमा ल्याईने छ ।
- स्वास्थ्य संस्थाबाट निशुल्क औसधि तथा सेवाहरु प्रदान गर्न संघिय सरकार बाट प्राप्त अनुदानमा नपुग रकममा पालिकाको तर्फबाट थप गरि औषधी खरिद गरि वितरण गरिने छ ।
- प्रदेश सरकारको सबै प्रादेशिक निर्वाचन क्षेत्रमा एक/एक खेलकुद मैदान निर्माण गर्ने नीति अनुसार यस गाउँपालिका क्षेत्रभित्र सर्व सुविधा सम्पन्न फुटबल खेलकुद मैदान बड्डीचौरमा र क्रिकेट मैदान तंरगामा निर्माण गर्न पहल गरिने छ ।
- गरिवी नक्साङकनबाट बित्पन्न ठहर भएका नागरिकहरु अपाङ्ग असहाय, अशक्त, दैविप्रकोप पीडित, द्वन्द्व पीडित, जेष्ठ नागरिक (दलित ६० बर्ष र अन्य ७० बर्ष माथिका) हरुको शिफारिस नि:शुल्क गरिने छ ।
- लक्षित वर्ग का कार्यक्रम निर्दिष्ट ढंगले कार्यान्वयन गरिनेछ ।
- सवै खालका जातिय विभेद अन्त्य गरि छुवाछुत, छाउपडी, बोक्सी, बालविवाह, सडक बालबालिका मुक्त क्षेत्र घोषणा गर्न क्रमश कार्यक्रम ल्याईनेछ ।
- जनज्योति मा.विमा संचालित प्राविधिक शिक्षालाई स्नातक तहसम्म Bsc ag संचालनका लागि प्रदेश सरकार संग समन्वय गरि आवश्यक पूर्वाधार तयार गरिनेछ ।
- प्रदेश सरकारको श्रम, सिप र रोजगार युवा संग प्रदेश सरकार भन्ने नारालाई सार्थक तुल्याउन युवा समुह तथा युवा उधमी मार्फत उत्पादन कार्यक्रम संचालन गर्न प्रदेश सरकार संग समन्वय गरिनेछ ।
- बराहताल गा.पा. मा रहेको सामुदायिक अध्ययन केन्द्र लाई व्यवस्थित रुपमा अगाडी बढाईने छ ।

**ङ) <u>बातावरण तथा विपद व्यवस्थापन नीति</u>:-**

- बातावरणमैत्री स्थानीय सरकार (EFLG) अवधारणा अनुरुप नेपाल सरकारले जारी गरेको Frameworks का परिसुचकहरुलाइ गाउँपालिकामा लागु गर्न, बातावरण मैत्री बराहताल गाउँपालिका बनाउने क्रियाकलाप कार्यन्वयन गरिने छ ।
- बराहताल गाउँपालिकालाई हरित गाउँपालिकाको रुपमा विकास गर्न बनजंगल संरक्षण कार्य अगाडी बढाईनेछ ।
- सडक मापदण्ड पुराभएका बड्डीचौर क्षेत्रका सडकका दुवै साइडमा अभियानको रुपमा बृक्षरोपण कार्यक्रम संचालन गरि बातावरण संरक्षण कार्य संचालन गरिने छ भने सडक आयोजना संचालन गर्दा सडकको दुवै किनारामा बृक्षरोपण कार्यलाई आयोजनाको अनिवार्य शर्तकोरुपमा एकिकृत गरी कार्यन्वयन गरिने छ ।
- यस बराहताल गाउँपालिका क्षेत्र भित्रका सामुदायीक विद्यालय, कार्यालय, सार्वजनिक स्थलमा प्लाष्टिकको कालो झोला र प्लाष्टिक चियाकप क्रमश: निषेध निषेधित गरिने छ ।
- वनउपभोक्ता समितिले गर्ने पूर्वाधार निर्माण र आयआर्जन कार्यलाई गा.पा. सँग लागत सहभागितामा सहकार्य गरिने छ ।
- ठुला सडक तथा पूर्वाधार निर्माण गर्दा EIA,IEE गरेर मात्र पूर्वाधार निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।
- गाउँ पालिका स्तरिय कोष खडागरि बिपद व्यवस्थापनमा प्रभावकारिता ल्यइने छ ।

# बराहताल गाउँपालिकाका बिनियोजन विधेयक २०७५

## बराहताल गाउपालिका सुर्खेतको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

सभाबाट स्वीकृत मितिः २०७५/3/१०

**प्रस्ताव** बराहताल गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बराहताल गाउँसभाल यो विधेयक बनाएको छ ।

१. **संक्षिप्तनामर प्रारम्भः**

(१)यस ऐनको नाम " बराहताल गाउँपालिकाको विनियोजन विधेयक, २०७५" रहेको छ ।

(२) यो विधेयक ऐन पारति भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः**

(१)आर्थिक वर्ष **२०७५।०७६** को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३७८४३५००० (अक्षेरुपी सैत्तिस करोड चौरासी लाख पैतिस हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त बराहताल गाउँ पालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | कार्यालय गत पूजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | | गाउँ कार्यपालिका | ५,१८,४०,००० | १६,६०,९५,००० | १,००,००,००० | | २२,७९,३५,००० |
| २ | | वडा समिति | ५४,००,००० | | | | ५४,००,००० |
| ३ | | बिषयगत शाखा | १४,५१,००,००० | | | | १४,५१,००,००० |
| ४ | | ऋणको सावाव्याजभुक्तानी | | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | | |
| जम्मा | | | | | | | ३७,८४,३५,००० |